# साझा नेपाली समाज यू. के.को विधान

२०१५

**साझा नेपाली समाज यु.के.को विधान २०१५**

प्रस्तावना:

संयुक्त अधिराज्य यु.के. अन्तर्गत इंगल्याण्डको मिडल्याण्ड तथा आसपासका शहरहरुमा बसोबास गरिरहेका सम्पूर्ण नेपालीहरुलाई एकतामा बाँधेर सदैब निस्पक्ष रुपमा कुनै पनि किसिमको सम्प्रदायीकता तथा राजनीतिको भावना नराखी बेलायतमा रहेका हामी सम्पूर्ण नेपालीहरुको सामाजिक, आर्थिक, शैक्षिक, बौद्धिक तथा नेपालीहरुको हक हितको संरक्षण एवं प्रबर्धनका साथै नेपालको आधारभूत बिकासको लागि केही गर्नु पर्छ भन्ने प्रतिबद्धतकासाथ केही गर्ने र गराउने उद्धेश्यले अभिप्रेरित भई निस्पक्ष सामाजिक संस्थाको रुपमा मिडल्याण्ड तथा आसपासमा रहेका संस्थाहरु- नेपाली समाज नेटिंघम इस्टमिडल्याण्ड यु.के., सृजनसिल लेस्टर नेपाल यु.के., हाम्रो नेपाली समाज वेस्टमिडल्याण्ड र पिटरब्रो संस्थाहरुको पहलमा "साझा नेपाली समाज यु.के." को स्थापना गरी यो विधान लागू गरिएको छ।

मिडल्याण्ड तथा क्याम्ब्रीज सहरमा पर्ने सम्पूर्ण नेपाली समाजलाई समेट्ने यसको प्रयास रहनेछ र यु.के.भरी विस्तार गर्ने कार्ययोजना बनाउन सकिने व्यवस्था गरिनेछ।

परिच्छेद:१

१. प्राम्भिक:

(क) यस समाजको बिधानको नाम "साझा नेपाली समाज यु.के. को विधान २०१५" रहनेछ।

(ख) "साझा नेपाली समाज यु.के." भन्नाले मिडल्याण्ड तथा आसपासको सम्पूर्ण नेपालीहरुको साझा संस्थालाई बुझिनेछ। यस संघलाई अंग्रेजीमा SAJHA NEPALI SAMAJ UK भनिनेछ।

(ग) संघको मुल मन्त्र साझा भावना हामी सबैको एउटै चाहना (नेपाल र नेपालीको हक र हित) भन्ने हुनेछ।

(घ) साझा नेपाली समाजको आफ्नै छाप, चिन्ह, लेटरहेड, सदस्यता फाराम र सदस्यता परिचय पत्र हुनेछ समाज संलग्न संस्थाहरुको लोगो तलपट्टि रहनेछ।

(ङ) साझा नेपाली समाजको बिधान सम्पूर्ण सदस्यहरु तथा समाजसित औपचारिक सम्बन्ध राख्ने व्यक्ति वा संस्थालई लागु हुनेछ।

२. परिभाषा:

(क) बिषय वा प्रसँगले अर्कोअर्थ नलागेमा "साझा नेपाली समाज यु.के." भन्नाले बेलायतमा रहेको सबै नेपालीहरुको स्वच्छ  सामाजिक संस्थालाई जनाउनेछ।

(ख) "नियम" भन्नाले साझा नेपाली समाजको कार्य समिति Executive Committee ले लागू गरेको नियमलाई जनाउछ। नियम साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ।

(ग) "कार्य समिति" भन्नाले साझा नेपाली समाजको Executive Committee मा कार्यरत व्यक्तिहरुको समुहलाई जनाउँछ । कार्य समिति २१ जनाको हुनेछ  जसमा ४ जना सदस्यहरुलाई अध्यक्षद्वारा मनोनित गर्न सकिने व्यवस्था गरिएको छ ।

(घ) "समिति/उप-समितिर" भन्नाले विधान अनुशार कुनै कार्य गर्नलाई गठित कुनै पनि समितिलाई बुझाउनेछ ।

(ङ) "पदाधिकारी" भन्नाले साझा नेपाली समाजको कार्य समितिका सबै सदस्यहरुलाई जनाउनेछ ।

(च) "सल्लाहकार" भन्नाले साझा नेपाली समाजको गरिमामय पदमा सल्लाह सुझाब दिन गठित समितिको सदस्यलाई जनाउनेछ ।

(छ) "दर्ता शुल्क" भन्नाले साझा नेपाली समाजको कुनै पनि सदस्यता लिन वा चुनावी प्रक्रियामा नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउनेछ । स्मरण रहोस सम्पूर्ण पदाधिकारीहरुको पद अनुसार निर्वाचन समितिले दस्तुर लिनेछ । अध्यक्ष पदको लागि ४२५ पाउण्ड, उपाध्यक्ष, महासचीव, सचीव, कोषाध्यक्ष, सहकोषाध्यक्षको लागि २२५ पाउण्ड र अन्य सदस्यहरुको लागि १२५ लाग्नेछ । स्मरण रहोस साझा नेपाली समाजमा आबद्ध संस्थाहरुबाट आएका प्रतिनिधिहरुलाई नै साधारण सदस्य मानी काम कार्यवाही हुनेछ ।

(ज) "साधारणसभा" भन्नाले साझा नेपाली समाजको वार्षिक साधारण सदस्यहरु समेतको सभालाई बुझाउँनेछ ।

परिच्छेदः २

३. साझा नेपाली समाजको स्वरुपः

साझा नेपाली समाज यु.के. एक मिडल्याण्ड तथा वरिपरिका सामाजिक संस्थाहरुको प्रतिनिधित्व गर्नेछ । यसमा सबै संस्थाहरुको बराबर हक रहनेछ । यस साझा नेपाली समाजको बिधानसंग लागुहुने नियम कानून र निर्णयलाई अन्य कुनै नियमले बाधा पुग्नेगरी लागुहुने छैन ।

४. नियम बनाउनेः

साझा नेपाली समाजको मूल बिधानलाई असर नपर्ने गरी साझा नेपाली समाजको हितको लागि कार्यसमितिले नियम उपनियम बनाउँदै साधारण सभाबाट संघको बिधानलाई परिमार्जित गर्दै लैजान सक्नेछ ।

५. कार्यालयः

साझा नेपाली समाजको कार्यालय कार्यसमितिले निर्णय गरेबमोजिम बेलायतको मिडल्याण्ड तथा आसपासका कुनै पनि ठाउँमा सबैलाई पायक पर्ने गरी राख्न सकिनेछ । साझा नेपाली समाजको निजी कार्यालय नहुँदासम्म कार्यसमितिको निर्णयद्धारा निर्धारित ठाउँलाई नै उक्त कार्यालयको ठेगाना मानिनेछ ।

परिच्छेदः ३

७. साझा नेपाली समाजको उद्देश्यहरुः

(क) साझा नेपाली समाजको विकास, विस्तार, सम्बर्धन र संरक्षणको कामहरु गर्ने ।

(ख) बेलायतबासी नेपालीहरुलाई साझा नेपाली समाज प्रति आकर्षित गर्ने र यसको प्रभावकारितामा बृद्धि गर्ने ।

(ग) साझा नेपाली समाजको विकासको लागि प्रचार-प्रसार छलफल तथा संस्कृतिक कार्यक्रम र सभाहरुको आयोजना गर्ने ।

(घ) साझा नेपाली समाजलाई सहयोग पुऱ्याउने व्यक्ति वा संस्थाप्रति पारस्पारिक समन्वय राख्ने ।

(ङ) साझा नेपाली समाजमा मूलरुपमा नाफा आर्जन गर्ने उद्देस्य नराख्ने तरा साझा नेपाली समाजको अन्य उद्देश्यहरुको परिपूर्तिको लागि आर्थिक श्रोतलाई बलियो बनाउने ।

(च) सम्पूर्ण बेलायतबासी नेपालीहरुलाई साझा नेपाली समाजको बारेमा प्रस्ट पार्दै एक अर्कामा आपसी सहयोगको भावना राखी भविष्यमा आईपर्ने कुनै पनि किसिमको समस्याहरुको निराकरण गर्न बलियो बेबस्था गर्ने ।

परिच्छेदः ४

८. सदस्यताः साझा नेपाली समाजको विधान तथा यस अन्तर्गत बनृका नियमको अधिनमा रही निम्न अवस्थामा सदस्यता प्राप्त गर्नसकिनेछ ।

(१) सदस्यताको लागि योग्यताः

नेपालमा जन्म भएको वा नभएको, नेपाल स्थित घर भएको वा नभएको, नेपालको हितको लागि म नेपाली हुँ भनी सधै तत्पर हुने व्यक्तिले साझा नेपाली समाजको सदस्यता लिन सक्नेछ तर साझा नेपाली समाजमा आवद्ध सस्थाहरुबाट सदस्यता लिएका सदस्यहरुनै यस सस्थाका साधारण सदस्य हुनेछन् ।

(२) साधारण सदस्यः

कनै पनि व्यक्ति बिधानको दायरामा रहेर साझा नेपाली समाजको सदस्यता शुल्क १ पाउण्ड तीरी साझा नेपाली समाजको सदस्य बन्न सक्नेछ । स्मरण रहोस ८ (१) मा उल्लेख भए बमोजिम नै साधारण सदस्य हुने व्यवस्था गरिएको छ ।

(३) सल्लाहकार समितिः

साझा नेपाली समाजको हितको लागि राय सल्लाह, सुझाव लिन एक बुद्धिजीवि समाज सेवकहरुको गठित समितिलाई सल्लाहकार समिति भनिन्छ । कार्य समितिमा राय सुझाव र सल्लाह दिन तथा साझा नेपाली समाजलाई कार्य गर्न कठिन अवस्थामा कार्यसमितिले आवश्यक ठानेमा सल्लाहकारहरुको राय सल्लाह लिनन सक्नेछ  तर कार्य समितिमा भोट गर्ने र निर्णय दिने

अधिकार सल्लाहकार समितिलाई रहनेछैन । सल्लाहकार समितिका सदस्यहरु कार्य समितिको बैठकमा सदस्य सरह उपस्थिति हुनुपर्नेछ ।

(४) निलम्बनः

निम्न अवस्थामा साझा नेपाली समाजको कुनै पनि सदस्यलाई निलम्बन गर्न सकिन्छ ।

(क) साझा नेपाली समाजको कुनै पनि सदस्यले जानजानी वा लापरवाहीका साथ समाजप्रति आँच आउने वा समाजको अहित हुने उद्देश्यले समाजको विपरित काम गरेमा, कार्य समितिले त्यस्तो सदस्यलाई साधारण सभाको निर्णयबाट निलम्बन तथा फुकुवा गर्न सकिनेछ । तर निलम्बित सदीयलाई उचित सझाइको मौकाबाट बन्चित गरिने छैन ।

(ख) निलम्बित सदस्यको हकमा साझा नेपाली समाजको अधिकारहरुबाट स्वतह बन्चित हुनेछ (अर्को निर्णय नहुदाको अबस्था सम्म) ।

(ग) निलम्बित सदस्यको शुल्क फिर्ता हुने छैन ।

(७) सदस्यहरुको उत्तरदायित्व, अधिकार एवं समाप्तिः

यस साझा नेपाली समाजको विधान र अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्य प्राप्तिको लागि साझा नेपाली समाजलाई सक्दो सहयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ । तरा कार्यकारणी समितिको हकमा देहायका पद अनुसार देहायका कामहरु गर्नुपर्नेछ ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारःसाझा नेपाली समाजको हितको लागि समयानुसार कार्य समितिलाई सक्रिय गर्नु, समय समयमा समाजलाई क्रियासिल र गतिसिल बनाउन महाँसचिब लगायत उपाध्यक्षसंग परामर्श र्नु, समाजका सबै पदाधिकारीहरुलाई समानरुपले व्यवहार गर्नु र समाजको बिषयमा उठेको विवादलाई समाधान गर्नु र निर्णय गर्नुपर्ने स्थितिमा सामान्य नरहेमा सल्लाहकार समितिसंग सल्लाह लिई निर्णय लिने अधिकार पनि रहनेछ र जटिल परिस्थिति आएको खण्डमा कार्यसमितिको बहुमतको आधारमा पनि निर्णय लिन सक्ने अधिकार रहनेछ । पूर्ण कार्यसमितिमा तुरुन्त निर्णय लिन नसक्ने अबस्था आएमा सचिवालयको गठन गरी निर्णय लिनसक्ने व्यवस्था पनि गरिएको छ ।

(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकारः सभा वा बैठकमा अध्यक्षको उपस्थिति नभएको खण्डमा बैठकको अध्यक्षता गर्ने, अध्यक्षको परामर्शलाई हृदयँगम गरी महासचिवसँग छलफल गरी कार्यान्वयन गर्ने ।

(ग) महासचिबको काम, कर्तब्य र अधिकारः महासचिवले साझा नेपाली समाजको हितको लागि कुनै पनि बैठक बोलाउनु परेमा अध्यक्षको परामर्श लिनुपर्नेछ । अध्यक्षको परामर्श बमोजिम कार्य गर्न कम्तिमा १५ दिन अगाडि सम्पूर्ण कायएसमिति सदस्यहरुलाई जानकारी दिनु पर्नेछ । बैठकको निर्णयहरु माइन्युट गरी राख्नु पर्ने, समय समयमा अध्यक्ष तथा उपाध्यक्ष सँग साझा नेपाली समाजको हितको लागि परामर्श गरिरहनु पर्नेछ ।

(घ) महासचिवको काम कर्तव्य र अधिकारः महासचिवसँग समयसमयमा साझा नेपाली समाजको बिषयमा परामर्श गर्ने, महासचिव उपस्थित हुन नसकेको बैठकमा महासचिवको भूमिका निर्वाह गर्ने, बैठक संचालन गर्ने, साझा नेपाली समाजको कार्य गर्दा महासचिवलाई सहयोग पुऱ्याउने ।

(ङ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारः साझा नेपाली समाजको हरेक आय व्ययको हिसाब बिल सहित खातामा उल्लेख गरि राख्नु पर्ने, बि भएको वा नभएको खर्चहरु, बैठकबाट पारित गराई मात्र भुक्तान गर्न सक्नेछ । बार्षिक साधारण सभामा साझा नेपाली समाजको आय व्ययको विवरण पेश गर्नु पर्नेछ । सहकोषाध्यक्षले पुर्णरुपमा कोषाध्यक्षलाई सहयोग पऱ्याउनु पर्नेछ र अन्य कार्य सामितिका सदस्यहरुले कार्य समितिको निर्णय अनुसार आफुले पाएको जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(८) कार्यसमितिका सदस्यहरुको सदस्यता समाप्तिः

(क) जानाजानी वा लाहपरवाहीका साथ साझा नेपाली समाजको अहित हुने वा समाजको उद्देश्य विपरित काम गरेको ठहर भएमा, कार्य समितिको प्रस्तावमाथि साधारण सभाको बैठकले सदस्यता समाप्त गर्ने निर्णय गरेमा ।

(ख) बैठकमा लगातार बिना स२चना ३ पटकसम्म अनुपस्थित भएमा ।

(ग) साझा नेपाली समाजको सदस्यबाट दिएको राजिनामा कार्यसमितिले स्विकृत गरेमा वा अध्यक्षले स्विकृत गर्न चाहेमा सदस्यता समाप्त हुनेछ ।

(घ) सदस्यको मृत्यु भएमा ।

(ङ) यु.के.बाट अन्य मुलुकमा बसाई सरेको प्रमाणित भएमा ।

परिच्छेदः ५

९. बैठक तथा सभाहरुः

(१) साधारण सभाः

(क) कार्य समितिको बैठकमा बहुमत सदस्यहरुको उपस्थितलाई गणपुरक संख्या मानिनेछ ।

(ख) साधारण सदस्यहरुको समेत उपस्थिती भएको सभालाई साधारण सभा भनिनेछ ।

(ग) साझा नेपाली समाजको सबै प्रकारको अधिकारहरुको मूल श्रोत तथा उत्तरदायित्वहरुको जिम्मेवार अंग साधारण सभा हुनेछ । साधारण सभाले आवश्यक परेमा समाजको कार्य समिति लगायत सम्पूर्ण समिति उपसमितिका पदाधिकारी तथा साझा नेपाली समाजको तर्फबाट कुनै व्यक्तिले गरेको निर्णयहरुको समर्थन, अनुमोदन आंशिक वा रुपमा संसोधन वा खारेज गर्न सक्नेछ ।

(२) सभाको बैठकः

(क) प्रत्येक १ वर्ष कार्यसमितिले निर्धारण गरेको मिति र समयमा राधारण सभाको बैठक बस्नेछ ।

(ख) साधारण सभाको बैठक बोलाउदा कम्तिमा ४५ दिन अगाडी बैठक बस्ने स्थान, मिति, समय र छलफल हुने बिषयहरुको कार्यसुची सिहत अध्यक्षको परामर्शमा महासचिवले सबै सदस्यहरुलाई लिखित पत्राचार गर्नुपर्नेछ ।

(ग) साधारण सभाको बैठकको लागि साझा संस्थाहरुबाट उपस्थित सदस्यहरुलाई बहुमत संख्या पुगेको मानिनेछ ।

(३) साधारण सभाको काम, कर्तव्य र अधिकार:

(क) आगामी वर्षको लागि साझा नेपाली समाजको योजनाहरु तथा कार्यक्रमको प्राथमिकता तोक्ने ।

(ख) प्रत्ये आगामी वर्षको आयव्ययको बजेट अनुमान, स्वीकृत गर्ने र बाँडफाँड गर्ने ।

(ग) कार्य समितिको प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको वार्षिक आयव्ययको हिसाब माथि छलफल गरी निर्णय गर्ने ।

(घ) विधान संसोधन तथा आवश्यक पर्ने नियम बनाउने अनुमोदन गर्ने तथा त्यसलाई लागु गराउने ।

(४) विशेष साधारण सभा:

(क) साधारण सदस्यहरुको तत्काल कायम रहेको सदस्यहरु मध्ये बकहुमत सदस्यहरुले विशेष साधारण सभा बोलाउन कार्य समितिलाई लिखित अनुरोध गरेमा कार्य समितिले प्राप्त चिट्ठीको ७ दिनभित्र कम्तिमा ३० दिनको समयावधि राखी विशेष साधारण सभा लिखितरुपमा बोलाउनु पर्नेछ ।

(ख) कुनै विशेष कारण परी कार्य समिति आफैले विशेष साधारण सभा बोलाउने निर्णय गरेमा सो निर्णय भएको ७ दिन भित्र कम्तिमा ३० दिनको समयावधि राखी विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(ग) विशेष साधारण सभा बोलाउने समय र स्थान कार्य समितिले तोके बमोजिम हुनेछ ।

(५) सभामा हुने प्रस्थाव र कार्यविधि:

(क) सभामा प्रस्तुत गरिने कार्यसूचीसम्म विषय वस्तुको बारेमा कार्यसमितिले निर्णय गर्नेछ ।

(ख) सभामा छलफलको लागि कुनै साधारण सदस्यले प्रस्ताव राख्न चाहेमा निजले अरु दुइजना सदस्यहरुको समर्थनका साथ आफ्नो प्रस्ताव र त्यसको लागि आवश्यक विवरण कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(ग) उक्त प्रस्तावलाई सभाको बैठकमा प्रस्तुत गर्ने वा नगर्ने निर्ण कार्यसमितिमा रहनेछ ।

(६) सभाको अध्यक्षता: कार्य समितिको अध्यक्षले सभाको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(७) सभाको निर्णय:

यस विधानमा अन्यथा व्यवस्था भएको बाहेक सभामा प्रस्तुत प्रस्ताव माथि छलफल भई जम्मा उपस्थित साधारण सदस्य संख्याको बहुमतले प्रस्तावको पक्षमा मत दिएमा प्रस्ताव पारित भएको घोषणा गरिनेछ । यदि मत बराबरी भएमा अध्यक्षको मतलाई निर्णायक मत मानिनेछ ।

(८) सभाको अभिलेख:

(क) सबै प्रकारको सभामा उपस्थिति सदस्यहरुको नाम, पेश भएको प्रस्ताव, पारित प्रस्ताव वा निर्णयहरुको अभिलेख राख्नुपर्नेछ ।

(ख) सभाले पारित गरेको निर्णयहरु माइनियुट बुकमा राख्नु पर्नेछ ।

(ग) सभाको निर्णयहरुको माइनियुटबुक सुरक्षित र ति निर्णयहरुको आवस्यकता अनुसार उपलब्ध गराउने काम महासचिवको हुनेछ ।

(९) कार्य समितिको पदावधि र चुनावी प्रक्रिया:

(क) कार्य समितिको कार्यकाल नयाँ कार्यसमिति तयारभई सपथ लिएको मितिदेखि २ वर्षको हुनेछ ।

(ख) निवर्तमान अध्यक्ष स्वत नया कार्यसमितिमा सल्लाहकार पदमा रहनेछ ।

(ग) कार्यसमितिले बार्षिक कार्यक्रम पुरा गर्र समय अनुकुल मिलाई २ वर्षभित्र निस्पक्ष, स्वतन्त्र विचार, विद्वान सामाजिक व्यक्तित्व भएको ३ वा ५ व्यक्तिहरुको रोहवरमा चुनावी प्रक्रियाद्धारा नया कार्यसमिति गठन गरिनेछ । चुनावी प्रक्रियामा उम्मेदवार हुनको लागि साझा नेपाली समाजको सदस्यता लिएको हुनुपर्नेछ । कुनै पनि सामाजिक संघ संस्थामा कम्तिमा पनि २ वर्ष लगातार काम गरेको प्रमाण हुनु पर्नेछ ।

१०. विधान संसोधन:

आवश्यकता अनुसार कार्यसमितिको बैठकमा बहुमत द्वारा साझा नेपाली समाजको विधानलाई परिमार्जिति गर्दै संशोधन गर्न सकिनेछ ।

परिच्छेद: ६

११. साझा नेपाली समाज यु.के. को उत्तरदायित्व:

साझा नेपाली समाज यु.के. ले बेलायतमा रहेका नेपालीहरुको सुख दु:खमा साथ दिनुको साथै नेपालको विकासको लागि रचनात्मक कार्यहरु गरी प्रत्यक्ष वा अप्रत्यक्षरुपले नेपालको विकासमा सहयोग पुर्याउने तथा यु.के.मा बसोबास गरेका नेपालीहरुको माझमा नेपाली कला संस्कृति चाडपर्वहरुको बारेमा जागरुक गराउनमा यसको मुख्य दायित्व रहनेछ ।

(क) साझा नेपाली समाज यु.के. को सदस्यता लिएको व्यक्तिको कुनै कालगतिले मृत्यु भएमा निजको पार्थिव शरीरलाई सदगत गर्नुपर्ने सहयोग कार्यसमितिको पहलमा गर्नु सकिने आर्थिक, शारीरिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ख) साझा नेपाली समाज यु.के. सदस्यता नलिएको तर नेपाली व्यक्तिको मृत्यु भएको खण्डमा स्वेच्छिकरुपले व्यक्तगतरुपमा नेपालीहरुबाट सहयोग जुटाई सहायता गर्न सकिनेछ। यो खण्डमा उल्लेखित कुरा बाध्यात्मक नभई स्वेच्छिक हुनेछ।

(ग) साझा नेपाली समाज यु.के.को सदस्यता लिएको व्यक्तिको मृत्युको हकमा तत्काल राहत उपलब्ध गराउनु पर्नेछ। उक्त निर्णय कार्यसमितिबाट हुनेछ।

(घ) साझा नेपाली समाज यु.के.को सदस्यहरुलाई अरु सदस्यहरु बनाउन प्रोत्साहन गर्ने।

(ङ) साझा नेपाली समाज यु.के.को विरुद्धमा सस्थाका सदस्य होस् वा बाहिरी व्यक्तिहरुले मानहानी हुने क्रियाकलाप गरको प्रमाणित भएमा साझा नेपाली समाज यु.के.ले कार्यसमितिको बैठक बोलाई उक्त विषयमाथि छलफल गरी त्यसको टुंगो लगाइनेछ।

सहमति भई निर्णयार्थः

संयोजक : दयानिधि सापकोटा

रणबहादुर के.सी.

प्रविन पाण्डे

विष्णु चालिसे

शम्भु प्रसाद अर्याल

तारानाथ भण्डारी

प्रेम आले मगर

कृष्ण प्रसाद शर्मा

पशुपति पोखरेल

केशव भण्डारी

पवन शर्मा

राजु कंडेल

गोमा पौडेल

नारायण फुयाल

बलराम चापागाई